# लम्कीचुहा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## शिक्षा,युवा तथा खेलकूद शाखा
### भल्का, कैलाली
### सुदूरपश्चिम प्रदेश नेपाल

लम्कीचुहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय शिक्षा युवा तथा खेलकुद शाखा कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. ०८३।८४
च.नं. ४१ शि.शा

मितिः २०८३।०६।०५

**श्री सम्पूर्ण (कक्षा ११-१२) सञ्चालित सामुदायिक बिद्यालयहरु,**
**लम्कीचुहा नगरपालिका भल्का, कैलाली**

**विषय:आशय पत्र पेश गर्ने सम्बन्धमा।**

उपरोक्त विषय सम्बन्धमा यस लम्कीचुहा नगरपालिका र हेफर प्रोजेक्ट नेपालबीचको द्विपक्षीय समझदारी अन्तर्गत युरोपेली संघ (EU) को वित्तीय सहयोगमा युथ इनोभेसन ल्याब (YIL), हेफर प्रोजेक्ट नेपाल, NAAMII र Women in Animation (WIA) द्वारा संयुक्त रूपमा 'उडान' (UDAAN) परियोजना सञ्चालन भइरहेको छ। यसै परियोजनाको 'पाठशाला' स्तम्भ अन्तर्गत यस नगर क्षेत्रभित्र सञ्चालित माध्यमिक विद्यालय (+२) तथा क्याम्पसहरूमा अध्ययनरत विद्यार्थीहरूलाई shikshya.org सिकाइ प्लेटफर्म मार्फत कोडिङ, आर्टिफिसियल इन्टेलिजेन्स (AI) र डिजिटल एनिमेसन जस्ता बजार-मागमा आधारित प्रविधि सीपहरू प्रदान गर्न लागिएको व्यहोरा जानकारी गराइन्छ।

यस परियोजना अन्तर्गत लम्कीचुहा नगरपालिकाका इच्छुक शैक्षिक संस्थाहरूले तपसिल बमोजिमका मापदण्ड पूरा हुने गरी आशय पत्र यस सूचनामा उल्लेखित मिति भित्र तल दिइएको QR Code स्क्यान गरी वा Web Link मार्फत अनलाइन दर्ता गर्नुहुन अनुरोध गरिन्छ।

<u>तपसिल</u>

१. प्रत्येक समूहमा कम्तीमा २० जना विद्यार्थी सहभागी गराउन सक्ने व्यवस्था हुनुपर्ने
२. नियमित पठनपाठनमा असर नपर्ने गरी विद्यालय समय सुरु हुनुभन्दा अगाडि वा विद्यालय समय समाप्त भएपछि कक्षा सञ्चालन गर्न सक्ने व्यवस्था हुनुपर्ने
३. विद्युत् आपूर्ति अवरुद्ध हुँदा पनि प्रशिक्षण सञ्चालन गर्न आवश्यक UPS/Inverter/Generator लगायतको वैकल्पिक विद्युत् व्यवस्था हुनुपर्ने
४. थारू, दलित तथा अन्य सीमान्तकृत समुदायका विद्यार्थीलाई प्राथमिकता दिने प्रतिबद्धता हुनुपर्ने
५. प्रत्येक संस्थाबाट कम्तीमा १ जना Computer/ICT शिक्षकलाई ICT Custodian का रूपमा तोक्न सक्ने व्यवस्था हुनुपर्ने
६. आवश्यकतानुसार भरपर्दो इन्टरनेट, कम्प्युटर, प्रोजेक्टर तथा अन्य आवश्यक ICT पूर्वाधार उपलब्ध गराउन सक्ने क्षमता हुनुपर्ने
७. सहभागी विद्यार्थीमध्ये कम्तीमा ३३ प्रतिशत छात्रा सहभागिता सुनिश्चित गर्न सक्ने हुनुपर्ने

**आशय पत्र दर्ता गर्ने अन्तिम मिति: २०८३।०६।११ गते सम्म**
इच्छुक शैक्षिक संस्थाहरूले तोकिएको मिति भित्र तलको QR Code स्क्यान गरी वा Web Link मा गई आशय पत्र दर्ता गर्नुपर्नेछ।
Web Link: https://script.google.com/a/*/macros/s/AKfycbxN6NVijOsWeDb5qUzJwghCJY15D-PG-UknyPayBrd5PC2mkRa4lzh4MIFeOfTMIQ9T/exec

२०८३।०६।०५

पंख बहादुर शाह
शिक्षा अधिकृत (सातौं)

पंख बहादुर शाह
शिक्षा अधिकृत (सातौं)

**वोधार्थ:**
श्रीमान् नगर प्रमुख ज्यूः जानकारीका लागी सादर अनुरोध छ।
श्रीमान् नगर उप-प्रमुख ज्यूः जानकारीका लागी सादर अनुरोध छ।
श्री सूचन प्रविधि शाखाः वेबासइटमा सूचना अपलोड गरी दिनु हुन अनुरोध छ।